QUESTION BANK NEPAL

## वस्तुगत प्रश्नोत्तर

**१. विश्वमा 'फाइभ जी' दूरसञ्चार सेवाको सुरुवात गर्ने राष्ट्र कुन हो ?**
✍ दक्षिण कोरिया

**२. एसियाली विकास बैङ्क (एडीबी) ले सन् २०२० सेप्टेम्बर १५ मा प्रकाशित गरेको 'एसियन डेभलपमेन्ट आउटलुक २०२० अपडेट' अनुसार सन् २०७७/०७८ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**
✍ १.५ प्रतिशत
- सार्क मुलुकमध्ये नेपाल तेस्रो स्थानमा रहने एडीबीको प्रक्षेपण रहेको । कोरोनाबाट सबैभन्दा कम प्रभावित हुने सार्क मुलुकमा बङ्गलादेश र भुटानपछि नेपाल रहने प्रक्षेपण ।
- आर्थिक वर्ष २०७७/७८ मा नेपालको मुद्रास्फीति ५.५ प्रतिशतको हाराहारीमा रहने अनुमान रहेको ।

**३. फोर्ब्सद्वारा सन् २०२० सेप्टेम्बर १४ मा सार्वजनिक प्रतिवेदनअनुसार सन् २०२० मा सर्वाधिक कमाइ गर्ने फुटबल खेलाडी को हुन् ?**
✍ लियोनल मेसी (स्पेनिस क्लब बार्सिलोना तथा अर्जेन्टिनी राष्ट्रिय फुटबल टिमका कप्तान)




- यस वर्ष सर्वाधिक कमाइ गर्ने फुटबलर बन्नेक्रममा उनले इटालियन सिरी ए क्लब युभेन्टस तथा पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई पछि पारेका । गत वर्ष रोनाल्डो सबैभन्दा बढी कमाइ गर्ने फुटबल खेलाडी बनेका थिए ।
- सर्वाधिक कमाइ गर्ने फुटबल खेलाडीमा दोस्रो स्थानमा क्रिस्टियानो रोनाल्डो र तेस्रो स्थानमा फ्रेन्च क्लब पीएसजीका ब्राजिलियन फुटबलर नेयमार रहेका । सो सूचीको चौथो स्थानमा पीएसजी तथा फ्रान्सका क्लियन एम्बाप्पे र पाँचौं स्थानमा इङ्गलिस क्लब लिभरपुल तथा इजिप्टका मोहम्मद सलाह रहेका ।

**४. पृथ्वीको वातावरण संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्छ अनि मात्र अरू कार्य गर्नुपर्छ भनी अमेरिकी युवाद्वारा सञ्चालन गरिएको आन्दोलनलाई के भनिन्छ ?**
✍ एअर्थ फर्स्ट

**५. सन् २०२० सेप्टेम्बर १७ मा मनाइएको दोस्रो 'विश्व बिरामी सुरक्षा स'को नारा के हो ?**
✍ सुरक्षित स्वास्थ्यकर्मी : सुरक्षित बिरामी

**६. विसं २०७७ असोज १ मा मनाइएको आठौं राष्ट्रिय विज्ञान दिवसको नारा के हो ?**
✍ स्वास्थ्य र गुणस्तरीय जीवनका लागि विज्ञान

**७. विसं २०७७ असोज ३ गते संविधान दिवसका अवसरमा सुप्रसिद्ध प्रबल जनसेवाश्री (प्रथम) बाट विभूषित हुने व्यक्तित्व को हुनुहुन्छ ?**
✍ डा. सन्दुक रुइत

१. प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय)बाट सम्मानित
२. दीपकुमार कार्की (न्यायाधीश, सर्वोच्च अदालत)
३. नवीनकुमार घिमिरे (पूर्वप्रमुख आयुक्त, अदुअआ)
४. पूर्णचन्द्र थापा (महारथी/प्रधानसेनापति, नेपाली सेना)
५. शैलेन्द्र खनाल (सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल)

सुकीर्तिमय राष्ट्रदीप (तृतीय)बाट सम्मानित
१. डा. गणेशराज जोशी (आयुक्त, अदुअआ)
२. डा. तीर्थबहादुर श्रेष्ठ (वनस्पतिविज्ञ, सानेपा, ललितपुर)
३. केदारबहादुर अधिकारी (सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन)
४. गणेशप्रसाद अधिकारी (मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग)
५. पुष्पराम केसी (सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल)
६. रामशरण पौडेल (सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल)
७. बुद्धिनारायण श्रेष्ठ (नापीविज्ञ सिद्धिचरण नपा-१, ओखलढुङ्गा, हाल : घट्टेकुलो, काठमाडौं)

**८. इन्डियन प्रिमियर लिग (आईपीएल) २०२० कहाँ आयोजना गरिएको छ ?**
✍ दुबई (संयुक्त अरब इमिरेट्स)
- यो प्रतियोगिता सन् २०२० सेप्टेम्बर १९ देखि नोभेम्बर १० सम्म सञ्चालन हुने । आईपीएलको उद्घाटन खेल गत विजेता मुम्बई इन्डियन्स र चेन्नई सुपर किङ्सबीच भएको ।
- यसअघि आईपीएल सन् २०२० मार्च २९ मा तोकिएको थियो । तर, कोरोना भाइरसको महामारीका कारण पटक-पटक स्थगित हुँदै आएको थियो । भारतमा तय गरिएको यो प्रतियोगिता कोरोना महामारीकै कारण युएईमा आयोजना गरिएको ।

**९. २०७६ सालको मदन पुरस्कारबाट सम्मानित स्रष्टा को हुन् ?**
✍ चन्द्रप्रकाश बानियाँ
- ऐतिहासिक उपन्यास 'महारानी'का लागि म्याग्दीका बानियाँलाई सो पुरस्कारबाट सम्मानित गरिएको ।
- पूर्वसांसद बानियाँको आख्यान महारानीमा तत्कालीन पर्वत राज्यको दरबारभित्रको आन्तरिक शक्ति सङ्घर्ष र सत्ता प्राप्तिका लागि महिलाको प्रेम र संवेदनालाई प्रयोग गरिएको विषय केन्द्रित रहेको ।
- सक्रिय राजनीतिबाट विश्राम लिएर इतिहास, संस्कृति र साहित्य लेखनमा सक्रिय बानियाँका मृत्यु संस्कार मन्थन, कुलपूजा, ऐतिहासिक पर्वत राज्य पुस्तक प्रकाशित छन् ।
- मदन पुरस्कार गुठीका अनुसार प्राप्त १५१पुस्तकमध्येबाट जोकरको बन्दुक (विमलनिभा), धर्सैधर्साको चक्रव्यूह (तीर्थ श्रेष्ठ), परित्यक्त (भुवन ढुङ्गाना), महारसनिघन्टु (खण्ड १-३, योगी धर्ममहारस), महारानी (चन्द्रप्रकाश बानियाँ), मोहपथ (ललित विष्ट) र यात्रामा (शारदा शर्मा) 'मदन पुरस्कार सूची २०७६' का रूपमा छनोट भएका ।
- पुरस्कारको राशि चार लाख रुपियाँ रहेको । यसअघि (२०७५) योगेशराजको रणहार उपन्यासले मदन पुरस्कार प्राप्त गरेको थियो ।

**१०. २०७६ सालको जगदम्बाश्री पुरस्कारबाट सम्मानित स्रष्टा को हुन् ?**
✍ गायिका एवम् सङ्गीतकार शान्ति ठटाल
- नेपाली गीत-सङ्गीत क्षेत्रको उन्नयनमा विशिष्ट योगदान पुऱ्याएबापत दार्जिलिङकी गायिका एवम् सङ्गीतकार ठटाललाई सो पुरस्कार प्रदान गरिएको ।
- सो पुरस्कारको राशि चार लाख रुपियाँ रहेको ।
- नेपाली भाषा, वाङ्मय र संस्कृतिको श्रीवृद्धिमा योगदान गर्ने व्यक्ति तथा संस्थालाई यो पुरस्कार प्रदान गरिने । यो पुरस्कार पहिलोपटक नारायण गोपाल गुरुवाचार्यलाई प्रदान गरिएको ।

**११. लेखनाथ पौड्याललाई कवि शिरोमणिको उपाधि कहिले प्रदान गरिएको हो ?**
✍ विक्रम संवत् २००८

**१२. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज)को स्थापना कहिले भएको हो ?**
✍ विसं २०३९

**१३. बैङ्क खातामा पर्याप्त रकम नभएका कारण भुक्तानी हुन नसकेको चेकलाई के भनिन्छ ?**
✍ बाउन्स्ड चेक

**१४. सन् २०२० सेप्टेम्बर १६ मा जापानको संसद्ले प्रधानमन्त्रीमा कसलाई चयन गरेको हो ?**
✍ योसिहिदे सुगा



- यसअघिका प्रधानमन्त्री सिन्जो आवेका निकटतम समर्थक तथा सहयोगी सुगाले आवेकै नीतिलाई निरन्तरता दिने अपेक्षा गरिएको ।
- प्रधानमन्त्री पदका लागि जापानको तल्लो सभा डायटमा भएको मतदानमा सुगालाई कुल ४६२ मतमा ३१४ मत हासिल ।
- सरकारमा प्रधानमन्त्रीपछि सबैभन्दा वरिष्ठ मानिने मन्त्रिमण्डलको मुख्य सचिव पदमा सुगाले लामो समय सेवा गर्नुभएको । सन् १९९६ मा डायटको सदस्य बन्नुभएका सुगा सन् २००५ मा प्रधानमन्त्री जुनिचिरो कोइजुमीको सरकारमा मन्त्री पनि बन्नुभएको थियो ।
- चर्चित राजनीतिज्ञ तथा लामो समयदेखि मन्त्रिमण्डलको सदस्य सुगाले कोरोना भाइरस महामारीले आक्रान्त पारिरहेको बेला विश्वकै तेस्रो ठूलो अर्थतन्त्र रहेको मानिने जापानको नेतृत्व लिनुभएको ।
- जापानको कुल जनसङ्ख्याको झन्डै एकतिहाइ ६५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकको हकहित र मानवअधिकारको सुरक्षा चुनौती छ । जापानी समाजमा विकास कार्यका लागि युवा जमातको निकै खाँचो महसुस गरिएको छ ।

**१५. नेपालको सबैभन्दा पुरानो मूर्ति विरुपाक्ष हो भने सबैभन्दा सानो मूर्ति कुन हो ?**
✍ पाटनको विश्वरूपको मूर्ति

**१६. पुरादित्य गढी महोत्तरी जिल्लामा पर्छ भने दुगुनागढी कहाँ पर्छ ?**
✍ सिन्धुपाल्चोक

**१७. विस २०७१ असोज २ (१८ सेप्टेम्बर २०१४) मा मनाइएको प्रथम परिवार दिवसको नारा के थियो ?**
✍ व्यवस्थित परिवार : स्वास्थ्य र विकासको आधार

**१८. दुई मुलुकबीचको सीमारेखामा स्थापित सीमास्तम्भबाट दुवैतर्फ १०-१० गज चौडा खाली छाडिएको जमिनलाई के भनिन्छ ?**
✍ दसगजा क्षेत्र (नो म्यान्स ल्यान्ड)
- (दुई देशबीच कसैको पनि अधिकार क्षेत्रभित्र नपर्ने मानिएको चौडाइमा १० गजबराबर हुँदै लम्बिएको सीमाक्षेत्र ।)

**१९. विश्वको सबैभन्दा ठूलो र गहिरो महासागर कुन हो ?**
✍ प्रशान्त महासागर

**२०. नेपालले विश्वको ०.०३ प्रतिशत भू-भाग ओगटेको छ भने एसियाको कति प्रतिशत भू-भाग ओगटेको छ ?**
✍ ०.३ प्रतिशत (दक्षिण एसियाको तीन प्रतिशत भू-भाग ओगटेको ।)

**२१. विश्वको कुन घटनापश्चात् सरकार र निजी क्षेत्रबीच साझेदारी हुनुपर्ने कुरामा जोड दिन थालियो ?**
✍ सन् १९३० को आर्थिक मन्दी



**२२. सङ्गीत प्रवीण भनी नरराज ढकाललाई चिनिन्छ भने सङ्गीत शिरोमणि भनी कसलाई चिनिन्छ ?**
✍ यज्ञराज शर्मा

**२३. नदीको किनार भएजस्तै समुद्रको के हुन्छ ?**
✍ तट

**२४. नेपालमा मात्र सञ्चालन हुने अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता कुन हो ?**
✍ हात्तीपोलो

**२५. रुपसे झरना म्याग्दी जिल्लामा पर्छ भने सुलिगढ झरना कहाँ पर्छ ?**
✍ डोल्पा

**२६. जापानको पुरानो नाम निप्पन हो भने नेदरल्यान्डको पुरानो नाम के हो ?**
✍ हल्यान्ड

**२७. 'अति महत्त्वाकाङ्क्षाले देवतालाई पनि पतन गराउँछ' भन्ने विचारक को हुन् ?**
✍ सेक्सपियर

**२८. विश्वको इतिहासमा मानवअधिकारको सम्बन्धमा पहिलो लिखित दस्तावेज कुनलाई मानिन्छ ?**
✍ म्याग्नाकार्टा

**२९. दोस्रो जनआन्दोलन कहिलेदेखि कहिलेसम्म चलेको थियो ?**
✍ विसं २०६२ चैत २४-२०६३ वैशाख ११ (१९ दिनसम्म चलेको)

**३०. मानव शरीरमा कति किसिमका जोर्नीहरू हुन्छन् ?**
✍ तीन (अचल जोर्नी, अर्धचल जोर्नी र चल जोर्नी ।)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# सञ्चय र खर्च

**१. कर्मचारी सञ्चय कोषको ऐतिहासिक पृष्ठभूमिसहित यसले लिएको दूरदृष्टि, दीर्घकालीन लक्ष्य, उद्देश्य तथा कार्यहरू उल्लेख गर्नुहोस् ।**
✍ ऐतिहासिक पृष्ठभूमि
- सैनिकहरूलाई सेवानिवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले विसं १९९१ मा 'सैनिक द्रव्यकोष' स्थापना,
- पछि क्रमशः विसं २००१ मा 'निजामती प्रोभिडेन्ट फन्ड' र विसं २०१२ मा 'प्रहरी फन्ड'को व्यवस्था,
- सञ्चय कोषसम्बन्धी भएका व्यवस्थालाई एकीकृत गरी विसं २०१७ मा अर्थ मन्त्रालयअन्तर्गत रहनेगरी कर्मचारी सञ्चय कोष विभागको स्थापना,
- सञ्चय कोष व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले विसं २०१९ भदौ ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीसमेतका लागि कर्मचारी सञ्चय कोष ऐन-२०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्थाका रूपमा कर्मचारी सञ्चय कोषको स्थापना,

- **दूरदृष्टि**
- राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाका रूपमा स्थापित गर्ने,

- **दीर्घकालीन लक्ष्य**
- प्रभावकारी स्रोत परिचालन, दिगो एवम् आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा सङ्गठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाका रूपमा स्थापित गर्ने,
- नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने,
- सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार बनाउने,
- कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

- **उद्देश्य**
- कर्मचारी सञ्चय कोष ऐन-२०१९ अनुसार नेपाल सरकार एवम् सङ्गठित संस्थाका कर्मचारीहरू र अन्य कर्मचारीहरूका निमित्त सञ्चय कोष व्यवस्थापन गर्नु,

- **कार्यहरू**

**उपरोक्त उद्देश्य प्राप्ति गर्न कर्मचारी सञ्चय कोषले निम्नकार्यहरू गर्दछ :**
- सञ्चयकर्ताको नाममा कट्टी भएको रकमको सङ्कलन गर्ने,
- सङ्कलित कोषकट्टी रकमको व्यवस्थापन गर्ने,
- उपलब्ध स्रोतलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- स्रोतको परिचालनबाट प्राप्त प्रतिफलको समानुपातिक वितरण गर्ने,
- सामाजिक सुरक्षा सुविधाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने,
- सेवाकालीन सामाजिक आवश्यकताका लागि विभिन्नप्रकारका सापटी सुविधा सञ्चालन तथा व्यवस्थापन गर्ने,
- प्रत्येक आर्थिक वर्षको कारोबारहरूको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने ।



**२. नेपालमा सरकारी खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्नुहोस् ।**
✍ सरकारले गर्ने खर्चमा मितव्ययिता, कार्यदक्षता एवम् प्रभावकारिता कायम गरी समग्र खर्चलाई उपलब्धिमूलक बनाउने कार्य खर्च व्यवस्थापन हो । नेपालमा सरकारी खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सरकारी तहमा कानुनी एवम् संस्थागत व्यवस्था गरिएको छ र पनि मुलुकको सरकारी खर्च व्यवस्थापन कार्य प्रभावकारी भएको पाइँदैन । यसका लागि निम्नउपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ :
- चालु खर्चको मापदण्ड तयार गरी निश्चित सीमाभित्र राख्ने, पुँजीगत खर्च वृद्धि गर्ने,
- सरकारी अनुदान, सरकारी सहायता, क्षतिपूर्ति आदिका लागि मापदण्ड बनाई लागू गर्ने,
- भुक्तानीको स्रोत निश्चित नगरी कुनै पनि दायित्व सिर्जना गर्न नपाइने व्यवस्था गर्ने,
- क्षेत्रगत खर्च नीति तयार गरी लागू गर्ने,
- सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी बनाउन लैङ्गिक बजेट लागू गर्ने,
- सरकारी खर्च कुशलता मापन गर्ने संयन्त्र निर्माण गर्ने,
- कार्यसम्पादनमा आधारित बजेट लागू गर्ने,
- योगदानमूलक निवृत्तिभरण प्रणाली लागू गर्ने,
- गैरबजेट खर्चलाई पूर्ण नियन्त्रण गर्ने,
- स्थानीय तहमा वित्तीय निक्षेपण गरी स्थानीय तहको विकास कार्य व्यवस्थापन गर्ने,
- सरकारी खर्चको अनुगमन र मूल्याङ्कनमा प्रभावकारिता ल्याउने,
- आर्थिक कार्यविधि ऐन, नियमको पालना गरी वित्तीय अनुशासन कायम गर्ने ।

**३. नेपालको बजेट तर्जुमा कार्यमा राष्ट्रिय योजना आयोगको भूमिकाबारे छोटकरीमा चर्चा गर्नुहोस् ।**
✍ सरकारी आय र व्ययको अनुमानित विवरण बजेट हो । बजेट सरकारको वार्षिक नीति तथा कार्यक्रम पनि हो । नेपालमा बजेट तयार गर्ने गराउने दायित्व अर्थ मन्त्रालयको हुने कानुनी व्यवस्था भए पनि बजेट तर्जुमामा राष्ट्रिय योजना आयोगको भूमिका महत्त्वपूर्ण हुन्छ । बजेट तर्जुमामा राष्ट्रिय योजना आयोगको भूमिकालाई निम्नानुसार चर्चा गर्न सकिन्छ :
- विकास कार्यक्रमको नीतिगत लक्ष्य निर्धारण गर्ने, मार्गदर्शन तयार गर्ने,
- अर्थ मन्त्रालयसँग समन्वय गरी बजेट सीमाको प्रारम्भिक अनुमान तयार गर्ने, बजेट समिति र स्रोत समितिमा पेस गर्ने,
- अर्थ मन्त्रालयसँग समन्वय गरी मन्त्रालयगत बजेट सीमा तयार गर्ने,
- बजेट अनुमानमाथि नीतिगत छलफल गर्ने,
- वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

मध्यकालीन खर्च संरचना तयार गर्ने, परिमार्जन गर्ने ।

**४. सार्वजनिक ऋण भनेको के हो ? सार्वजनिक ऋणका उद्देश्यहरू उल्लेख गर्नुहोस् ।**
✍ सरकारले देशभित्र तथा देशबाहिरबाट लिने ऋणलाई सार्वजनिक ऋण भनिन्छ । सरकारले यस्तो ऋण व्यक्ति, फर्म, बैङ्क तथा वित्तीय संस्थाबाट उठाउने गर्छ । स्वदेशभित्रबाट लिने ऋणलाई आन्तरिक ऋण भनिन्छ भने विदेशबाट लिने ऋणलाई वैदेशिक ऋण भनिन्छ । यस्तो ऋण तोकिएको समयपछि धेरैजसो अवस्थामा व्याजसमेत समावेश गरी फिर्ता गर्नुपर्ने हुन्छ । सरकारद्वारा ऋण उठाउने चलनको सुरुवात अठारौं शताब्दीबाट सुरु भए पनि प्रथम विश्वयुद्धको समयकालदेखि यसले व्यापकता लिएको पाइन्छ । परम्परागत अर्थशास्त्री एडम स्मिथ, बेस्टबलले सरकारले ऋण लिने कार्यलाई व्यर्थको खर्च बढाउने, खराब आर्थिक स्थिति पैदा गर्ने जस्ता विचार राखेको पाइन्छ भने आधुनिक अर्थशास्त्रीहरूले यसलाई उत्पादनशील साधनका रूपमा लिएको पाइन्छ । सरकारले गर्ने खर्च राजस्वबाट नपुग भएमा चालु घाटा बेहोर्न ऋण लिने गर्छ । सार्वजनिक ऋण उठाउन बन्ड, ट्रेजरी बिलजस्ता वित्तीय साधनको प्रयोग गरिन्छ । सार्वजनिक ऋण सरकारी वित्तीय नीतिको एक प्रभावकारी औजार पनि हो ।

- **सार्वजनिक ऋणका उद्देश्यहरू**
- सरकारी घाटा बजेट पूर्ति गर्ने,
- आर्थिक मन्दी नियन्त्रण गर्ने,
- मूल्यवृद्धि नियन्त्रण गर्ने,
- मुलुकको आर्थिक सामाजिक विकास गर्नका लागि वित्तीय साधन स्रोत उपलब्ध गराउने,
- सङ्कटकालीन अवस्थाको सामना गर्ने,
- आर्थिक वृद्धि गर्ने, आर्थिक स्थायित्व कायम गर्ने,
- भौतिक पूर्वाधार निर्माण गर्ने,
- उत्पादन र उत्पादकत्व बढाउने,
- प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने,
- रोजगारीका अवसर सिर्जना गर्ने ।

**५. नेपालको संविधान-२०७२ अनुसार राज्यले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी के-कस्ता नीतिहरू अवलम्बन गर्ने व्यवस्था छ ? लेख्नुहोस् ।**
✍ नेपालको संविधान (२०७२) को धारा ५१ (ञ) अनुसार राज्यले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने व्यवस्था छ :
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चित गर्ने, बालबच्चाको पालनपोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,
- मुक्त कमैया, कमलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,
- राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,
- आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने,
- अल्पसङ्ख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र साँस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,
- मधेसी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,
- स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमका रूपमा विकास गर्ने,
- सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ संस्थाहरूलाई संलग्न गराउने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

# निजामती सेवामा उत्प्रेरणाको हालत



**गोकर्णराज सुयल**

राष्ट्र सेवाका रूपमा रहेको निजामती सेवामा करिब एक लाख कर्मचारी सेवाप्रवाहमा आबद्ध छन् । राज्यको सीमित स्रोत साधनको अधिकतम परिचालनमार्फत 'समृद्ध नेपाल, सुखी नेपाली'को अभियानलाई सफल बनाउन उत्प्रेरित र प्रतिबद्ध कर्मचारीतन्त्र आवश्यक हुन्छ ।

उत्प्रेरणाले कुनै कार्य गर्न वा नगर्न मानिसलाई अन्तरआत्मादेखि नै परिचालित गराउँछ । यो कर्मचारीलाई उच्च कार्य सम्पादन गर्न उद्वेलित गर्ने, ऊर्जा भर्ने तथा शारीरिक र मानसिक रूपमा तयार पार्ने कला हो । यो मानवीय स्वभाव, दृष्टिकोण, आचरण, व्यवहारलाई अध्ययन गर्ने र बुझ्ने व्यवस्थापकीय शिल्पी हो, जसबाट कर्मचारीको व्यवहार र आचरणमा सकरात्मक ऊर्जा भरिन्छ ।

नेपालको निजामती सेवाको उत्प्रेरणाको स्तर कस्तो छ भन्ने सम्बन्धमा कुनै अध्ययन भएको छैन र यो व्यवस्थापकको प्राथमिकताको क्षेत्रमा पर्न सकेको पनि छैन । स्वयम् उत्प्रेरित भई जति काम भएका छन्, त्यो प्रगतिमा भने कोही पनि सन्तुष्ट रहेको देखिँदैन । सन्तोषको सास फेरोस् पनि कसरी ? बहुसङ्ख्यक कर्मचारीको उत्प्रेरणाको स्तर कमजोर भएकै कारण यसको कार्यसम्पादनमाथि प्राज्ञिक, राजनीतिक र जनस्तरबाट आलोचना हुने गरेको छ । सार्वजनिक स्रोत साधनको दुरुपयोगमा रमाउने, लोभ र लिप्सामा डुबेको, शासन गरेर सेवा गर्ने सोच, चाकडी र चाप्लुसीको नृत्यमा रमाउने शैली, 'रुल' र 'रुटिन'मा आधारित सेवाप्रवाह, विभेद र असमानता, अकर्मन्यता, दिशाहीनताको अवस्था, लामो सङ्क्रमण, पारदर्शिता र जवाफदेहिताको कमजोर आभासका कारण कर्मचारीको कार्यसम्पादन आलोच्य बन्न पुगेको छ ।

आर्थिक वृद्धि, बेरोजगारी वृद्धि, असमानता र विभेद उस्तै, पहुँचको आधारमा मात्र सेवा प्राप्त हुने परिपाटी वृद्धि, थप नजराना भुक्तानी गरेर सेवा लिनुपर्ने अवस्था आदिले राष्ट्रसेवकको उत्प्रेरणा र मनोबल बिस्तारै कमजोर हुँदै गएको अनुभूति हुन्छ ।

लामो सङ्क्रमणकालपछि नेपाली समाज र सोही समाजको महत्त्वपूर्ण अङ्गका रूपमा रहेको राष्ट्रसेवकमा मौलाएको आकाङ्क्षा, चुलिँदो अपेक्षाले राज्यशक्तिको प्रयोग र दोहनमा सामर्थ्यअनुसार अस्वस्थ प्रतिस्पर्धा चलिरहेको छ । सेवा, सुविधा र अवसर वितरणमा असमानता र विभेद रहेको छ । निजामती सेवाको सेवा, सुविधा र सर्तसम्बन्धी मूल कानुन जारी हुन सकेको छैन । यसले कर्मचारीको भविष्य अनिश्चितता र अन्योलमा धकेलेको छ, जसले कर्मचारीलाई थप नकारात्मक बनाएको छ । लोकसेवा आयोगले निर्धारण गरेको योग्यता 'मेरिट'को सम्मान त्यसपछिको पदस्थापना, सरुवा, बढुवा, अध्ययन तथा अनुसन्धान, पुरस्कार र दण्ड आदिमा जोड्न सकिएको छैन । 'राम्रो'बाट होइन, 'हाम्रो'बाट मात्र परिवर्तन र गुणस्तरीय सेवा अकन्टक प्राप्त हुन्छ भन्ने मान्यताको राजनीतिले प्रशासनलाई पाइलैपिच्छे व्यक्तिपिच्छे 'रोलिङ' गरिरहेको छ । महत्त्वपूर्ण सूचना दिएर होस् वा मौद्रिक दान दिएर वा आदर्श बेचेर वा समर्थन गरेर प्रणालीमाथि कुल्चन स्वागतद्वार तयार पार्ने कर्मचारीको सङ्ख्यासमेत सानो छैन । 'मेरिट'लाई ध्यान नदिनु, कर्मचारीको सम्मान र आस्थामा ठेस पुऱ्याउनु, काम गर्ने र नगर्नेबीच फरक छुट्याउन नसक्नु, आस र त्रासको आधारमा मात्र शासन गर्न खोज्नु र न्यून वेतनमान कर्मचारीको मनोबल ह्रास हुनुका खास कारणहरू हुन् ।

सेवा समूह भत्काउने र गाभ्ने खेल, हचुवा, अवैज्ञानिक र स्वार्थप्रेरित भई छिटोछिटो रूपमा जारी गरिने सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र कर्मचारीको जिउधनको सुरक्षाको पूर्ण प्रत्याभूति नभएका कारण कर्मचारीको मनोबल खस्कँदै गएको छ । सेवाग्राहीको व्यवहार, बाह्य एजेन्सीको व्यवहार, परिवार र समाजको व्यवहार र हेर्ने दृष्टिकोणले समेत कर्मचारी कामप्रति लालायित हुन सकेका छैनन् । आफ्नो जीवनको वृत्ति योजना र संस्थाको वृत्ति योजनाबीचमा सन्तुलन कायम गर्न नसकेका कारण त छँदै छ ।

नकारात्मक उत्प्रेरणा बढ्दै जाँदा फलतः कर्मचारीहरूमा कार्यजिम्मेवारी पन्छाउने, कामलाई बोझका रूपमा लिने, कार्यप्रगतिमा चासो नराख्ने, परिवर्तन नरुचाउने, आफ्नै क्षमतामाथि कम विश्वास गर्ने, कार्यसम्पादनमा विवेक प्रयोग नगर्ने, कानुनको दफा देखाएर सेवाग्राहीमा अड्को थाप्ने, निर्णय नगर्ने वा ढिला निर्णय गर्ने, जोखिम लिन नचाहने, स्थापित प्रणालीप्रति विश्वास नगर्ने, आसन र अवसरमाथि छिर्के मार्नेजस्ता लक्षणहरू देखिएकै छन् । बिस्तारै यो हीन र नकारात्मक भावनाले व्यक्तिलाई शारीरिक र मानसिक रूपमा त गलाउँछ नै कालान्तरमा सङ्गठनलाई समेत शिथिल बनाउँदै लैजानेछ ।

कर्मचारीमा सकारात्मक ऊर्जा पुनःभरण गर्न 'मेरिट'मा आधारित पूर्वानुमानयोग्य वृत्ति प्रणाली, सेवा र सुरक्षाको निरन्तरताको प्रत्यभूति, जीवन निर्वाह गर्न पुग्ने वेतनमान; सम्मान, सहकार्य र समूह कार्यको प्रवर्द्धन, पर्याप्त र उपयुक्त तालिममार्फत क्षमता विकास; सूचना प्रविधिको प्रयोग, कानुनी स्पष्टतामार्फत कार्य सरलीकरण र सहजीकरण, उच्चतहका अधिकारीको सकारात्मक सोच, सहयोग र ढाडस चाहिन्छ । निजामती सेवालाई काबिल, दक्ष र क्रियाशील बनाउन मानव संशाधन विकासको दीर्घकालीन योजना र रणनीतिक कार्यक्रम कार्यान्वयन गरिनुपर्छ ।

उच्च मनोबल र उत्प्रेरित कर्मचारीहरू नै सक्षम र स्वच्छ निजामती प्रशासनका आधार हुन् भने समृद्धि र खुसी राष्ट्रसेवकका प्रतिफल हुन् । ■

**(लेखक नेपाल सरकारका लेखा अधिकृत हुनुहुन्छ ।)**